# ऐसेलुखर्क गाउँपालिका

## ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय

## ऐसेलुखर्क, खोटाङ

**वार्षिक नीति तथा कार्यक्रम**

**आ.व. २०७९/०८०**

**प्रस्तुतकर्ता**
गीरेन्द्र बहादुर राई
अध्यक्ष
ऐसेलुखर्क गाउँपालिका

मिति-२०७९/०३/१०

# ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०७९ /०८० को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमाउपस्थित हुनुभएका गाउँ सभाका उपाध्यक्ष ज्यू , गाउँ सभासदस्य ज्यूहरु , ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी, बुद्धिजिबी महानुभावहरु, सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु , विभिन्न सञ्चार माध्यम तथा विभिन्नउ सामाजिक सञ्जामलबाट प्रत्यक्ष रुपमा देश-विदेशमा रहेर सुनिरहनु भएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदी बहिनीहरु

मिति २०७९/०१/३० गते भएको स्थानीय तहको दोस्रो निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँपालिकाको भावी विकासको अभिभारा हाम्रो काँधमा सुम्पनु हुने सम्पूर्ण पालिकाबासीको हित र कल्याणका लागि गरेका प्रतिबद्धता र वचनवद्धताप्रति हामी कठिबद्ध छौं ।नयाँ जनादेश सहित हामीलाई मतदान गरी निर्वाचित गर्नु हुने आम पालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । निर्वाचनमा सभ्य, भव्य र मर्यादित तवरले सहभागी जनाउनु हुने स्थानीय स्तरमा क्रियाशील सम्पूर्ण राजनीतिक दल, दलका उम्मेदवार, स्वतन्त्र उम्मेदवार समेतलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।निष्पक्ष र पारदर्शी तवरले निर्वाचनको सम्पूर्ण औपचारिक भूमिका निर्वाह गर्नुहुने निर्वाचन अधिकृत, निर्वाचन कार्यालय, त्यसमा खटिएका सम्पूर्ण कर्मचारी, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, सुरक्षाकर्मी, पत्रकार लगायत सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न चरणबद्ध आन्दोलनमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्न हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुमा भावपूर्ण श्रद्धाञ्ज ली अर्पण गर्दछु ।

लोकतान्त्रिक आन्दोलन तथा नेपालको राजनीतिक परिवर्तनमा योगदान गर्नुहुने सम्पूर्ण राजनेताहरु, सहयात्रामा हिड्नुहुने सम्पूर्ण राजनीतिक पेशाकर्मी, नागरिक समाज, बुद्धिजीवि, आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुप्रति विशेष सम्मान प्रकट गर्न चाहन्छु र समाज रुपान्तरणमा उहाँहरुले पुर्यादउनु भएको योगदानको उच्च सम्मान गर्दै स्मरण गर्न चाहन्छु ।

ऐसेलुखर्क गाउँपालिकाको गरिमा र ख्यातिलाई थप उचाईमा पुर्याारउनु हुने विकासप्रतिको पथप्रदर्शन, मार्गदर्शन प्रदान गर्नु हुने निवर्तमान पदाधिकारीज्यूहरुको योगदानलाई धन्यवाद दिन चाहन्छु ।

लोकतन्त्र आफैमा जनमुखी शासन विधि र प्रकृया हो । स्थानीय सरकारले लोकतन्त्रको मूल्य र विधिलाई कानुन तर्जुमा सेवा प्रवाह, विकास र विपद व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेको छ । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चाालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, श्रोत र संसाधनको परिचालन, सेवा प्रवाह एवंम् सुशासन र विपद व्यवस्थापनको कार्यसूची प्रदान गरेको छ । स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरी

लोकतन्त्रको वैधता र विश्वारसलाई जनताकै मन मस्तिष्कबाट अनुमोदन गर्ने अवसर प्रापक भएको छ । ऐसेलुखर्क गाउँपालिकाले पनि संविधान र कानुनले दिएको अधिकार र अभिभारालाई न्याय सम्पादन, विकास व्यवस्थापन, राजस्व परिचालनका माध्यमबाट कार्यान्वयन गरी स्थानीय शासनप्रति नागरिकहरुको वैधता र विश्वास आर्जन गर्ने कार्यमा अगाडि बढेको छ । जनताको Right, choice र voice लाई जनताले प्रदान गरेको Right place प्रति हामी सदैव सम्मान गर्दछौं । जनताको सामू गरिएका वाचा र प्रतिबद्धतालाई केन्द्रमा राखी योजना तथा कार्यक्रमलाई प्राथमिकिकरण गरेको छु ।

**अब यस सम्मानित सभामा पालिकाबाट सम्पादन भएका महत्वपूर्ण क्रियाकलापलाई समिक्षात्मक रुपमा पेश गर्ने अनुमती चाहन्छु ।**

१. गाउँपालिकाबाट आ.व. २०७८/०७९ सम्मका योजना तथा कार्यक्रमहरुको छनौट र कार्यान्वयनमा भएको कार्य योजना प्रकृयाको विश्लेकषण गर्दा वितरणमुखी पद्धतिमा सुधारको आवश्यकता रहेको छ । पालिकाको कार्यक्रम तथा योजनाहरुलाई स्थानीय गौरवका आयोजना, रणनैतिक योजना, उत्पादनमुखी योजना तथा पहुँचमुखी योजनाको रुपमा विभाजन गरी बहुवर्षीय रुपमा कार्यान्वयन गरेमा उपलब्धी हुने देखिन्छ । साथै पालिकाको कुल बजेटको हिस्सा पूँजीगत बजेट, चालु खर्चलाई वाञ्छित सीमामा राखी पूँजीगत खर्च प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ भने श-सर्तका कार्यक्रमको कार्यान्वयन ढाँचा, खरिद प्रणाली तथा मापदण्डमा सुधार आवश्यक छ ।

२. स्थानीय सरकारको पहिलो कार्यकालमा तर्जुमा गरिएका पालिकाका ऐन -४, नियमावली -४, कार्यविधि -२२, निर्देशिका -२ तर्जुमा भई कार्यान्वयनमा आएका छन् । संविधानको एकल कार्यसूचीलाई नागिरककै संग्लनता तथा बहस र पैरवीमा आन्तरिकीकरण भए पनि साझा सूचीका कार्यभारको अभिभारालाई ऐन कानुन तर्जुमा गरी कार्यान्यन बाँकी नै रहेकोछ। तसर्थ, पालिकाको विधायन समितीको क्षमता विकास गर्दै सरोकारवालाहरुको संयन्त्र निर्माण गरी नागरिकमा कानुनी साक्षरता अभियान सञ्चा लन गरी Value Based (मुल्यमा आधारित), नीति तर्जुमा पद्धतिलाई Fact Based (तथ्यमा आधारित), जनमुखी People centric (जनता केन्द्रीत) कार्यप्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ ।

३. पालिकाको जनसंख्याको अवस्थालाई मध्यनजर गर्दा रोजगारी तथा सीप विकासका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा), उद्यमशीलता प्रवर्द्धन केन्द्रले तालिम तथा सीप विकासका कार्यक्रम सञ्चालन गरेता पनि यस्ता तालिमको सान्दर्भिकतालई पुनरावलोकन गरी गरिखाने तथा बजारको माग अनुरुप पुनर्बोध गर्नुपर्ने देखिएको छ । तसर्थ व्यक्तिमा निहीत सीप, ज्ञान र क्षमताको उजागर गर्दै स्थानीय आर्थिक समुन्नती र आय आर्जन बढ्ने तालिम तथा सीपमा लगानी गर्नुपर्ने आवश्यक छ ।

४. नेपालको संविधानले सुनिश्चित गरेको रोजगारीको हकलाई स्थानीय सरकारले कार्यान्यन गर्दै बेरोजगारलाई सूचीकृत गरी श्रममुलक रोजगारी दिलाएको छ । पालिका क्षेत्रभित्र यस कार्यक्रममा सूचीकृत करिब ८०२ रहेता पनि अति विपन्न परिवार यस कार्यक्रमको पहुँच बाहिर रहेको छ । तसर्थ यस कार्यक्रमले श्रमको ज्याला भुक्तानीमा जोड दिएको भएता पनि श्रममुलक नागरिकहरुको पसिनालाई पर्यटकीय रुट निर्माण, गाउँठाउँको सौन्दर्यकरण, प्राचीन चौतारा, पार्टी पौवा, संग्राहलय

संरक्षण, मठ मन्दिर मर्मत सम्भारमा प्रयोग गरी कार्यक्रमलाई उपलब्धीमूलक बनाउन आवश्यक छ ।

५. पालिकाले प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गरी सेवाको विस्तार वडा तहसम्म गरेको छ । यधपी घातक, दिर्घ सरुवा आदि रोगको पहिचान उपचार र विस्तारका लागि स्वास्थ्य सेवालाई नागरिककै घर दैलोमा विस्तार गर्न आवश्योक सेवालाई जनताकै मन, मस्तिष्क र हातले छुने, देख्नेक र अनुभूती गर्ने गरी स्वास्थ्य सेवालई घुम्ती तथा घरदैलो (Door to Door) माध्यमबाट गुणस्तर र पहुँच विस्तार गर्नु जरुरी छ ।

६. पालिका भित्र रु. ५ (पाँच) लाख सम्मको लगानी भएका उद्यम व्यवसायहरुमा ४५% महिला स्वामित्व रहेका छन । पालिकाको स्थानीय आर्थिक विकासका लागि मुख्यरुपमा "उद्योग व्यवसायहरुको विकास एवम् प्रवर्द्धन" र उद्योग व्यवसायहरुको पुनरोत्थानलाई प्राथमिक रुपमा जोड दिई Covid-19 ले पारेको प्रभावलाई न्युनीकरण गरी उद्योग व्यवसायहरुको पुनरोत्थान मार्फत स्थानीय अर्थतन्त्र सवलीकरण जरुरी छ । पालिका क्षेत्रभित्र व्यवसायहरु सञ्चापलन नीति तर्जुमा, आवश्य९क पूर्वाधार सहितको उद्योग व्यवसाय सञ्चारलनका लागि स्थानको व्यवस्थापन, परामर्श सेवाहरुको उपलब्धता, समन्वयमा बजार अनुसन्धान प्रक्रियागत सहजीकरणमा केन्द्रीत हुनुपर्ने देखिन्छ ।

७. पर्यटन प्रवर्द्धनका लागि CAN ( Culture Advance & Nature) Model पहिचान गरी यसको प्रयोग र उपयोगको लागि देउराली डाँडा, फापरस्वरा सपनेश्वaर, बहाने पोखरी , झाँक्रिबास Rock Climbing क्षेत्रहरुमा पर्यटकीय पूर्वाधार तथा सांस्कृतिक पहिचानमा लगानी जरुरी छ । संस्कृति, प्रकृति र जीवनलाई संयोजन गरी पर्यटक (Eco-Tourism) लाई विकास गर्न जरुरी छ । पालिका भित्रको Hill Point को अवधारणा तर्फ प्रेरित गरिए तापनि लगानीको व्ययभार व्यापक रहेकोले यी क्षेत्रहरुमा सरकारी लगानीमा पर्वतीय पर्यटकीय मोडलका साथमा निजी साझेदारमा लगानी गर्ने वातावरण मिलाउन आवश्यलक छ।

८. गाउँघरमा विभिन्नय जनजाति, संस्कृतिका पर्यटन संग्राहलय, बाल उत्थान पार्क, पिक्निक स्थल, होटल व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि गरी पर्यटकीय क्रियाकलापहरुको गुणस्तरीय सेवा सुनिश्चिवत गरिनुपदर्छ । जनस्तरबाटै पर्यटन प्रवर्द्धनात्मक क्रियाकलापहरु आयोजना गरी प्रचार प्रसारमा व्यापकता दिइनु पर्दछ । जस्तै फुड फेस्टिबल, राष्ट्रिय खेलकुद आयोजना आदि कार्यक्रमहरुलाई व्यापक रुपमा सञ्चाालिन गरिनुपदर्छ ।

९. पालिकाभित्रका विपन्न नागरिक र कम वार्षिक आम्दानी भएका नागरिकलाई Social Safty netतथा आय आर्जन कार्यक्रममा जोड्न आवश्यक छ । पालिकाभित्रका नागरिकहरुलाई स्वरोजगार, सीप विकास, उत्पादन र बजारीकरणका कार्यक्रम सञ्चालन गरी स्थानीय अर्थतन्त्रको विकास गर्नुपर्ने देखिन्छ ।

१०. पालिकाभित्रका कयौं युवाहरु बैदेशिक रोजगारमा कार्यरत छन् जसबाट पालिकाभित्र विप्रेषण भित्रिने गरेको छ । वैदेशिक रोजगारीको सवल पक्ष भनेकै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन गर्नु हो ।प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार

सिर्जनामा पालिकाले पालिका-नागरिक साझेदारी परियोजना तथा कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ । साथै विदेशी पूँजी प्रविधि र ज्ञानलाई परिचालन गर्न ( Seed money, Startup Business) सुरुवाती व्यवसाय प्रतिस्पर्धी कोष ( Challenge fund)प्रबन्ध गरी स्थानीय स्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गरेमा वेरोजगारमा जानुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सकिने देखिन्छ ।

११. पालिकाको भू-भागभित्र करिब ३२९ km सडक सञ्जा ल रहेको सबै सडक कच्ची रहेका छन् ।ती सडकहरुमा वर्षेनी बाढी पहिरोका कारण बाटो मर्मत सम्भार/सरसफाईमा व्यापक लगानी गर्नु परेको छ । सडक सञ्जाल बाहिर रहेका सबै घर सडक सञ्जारलभित्र ल्याउने, नागरिकको सुरक्षित आवत-जावत अधिकारको सुनिश्चितता गराउने, सडक पहुँच स्थापित गराउने, सडक फराकिलो तथा स्तरोन्नतिका लागि सडक क्षेत्रमा व्यापक लगानी र श्रोतको खाँचो रहेको छ । पालिका क्षेत्रभित्र सम्पूर्ण सडक कच्ची रहेकोले ग्राभेल र स्तरोन्नति गरी १२ महिना सुरक्षित, भरपर्दो तथा निर्वाध रुपमा सञ्चालनमा ल्याउनु चुनौतीपूर्ण रहेको छ ।

१२. भौतिक पूर्वाधार क्षेत्रमा खानेपानीका ट्याङ्की निर्माण, कुलो निर्माण, कच्ची नाली निर्माण, नदी नियन्त्रण, भवन निर्माण ( सामादायिक भवन,विद्यालय, स्वास्थ्य केन्द्र) सडक बत्ती, खेलकुद मैदानका कार्यक्रम रहेका छन । यस्ता भौतिक पूर्वाधारहरुको संख्याको विश्लेषण गर्दा जनसंख्या र भौगोलिक विशिष्टताको अनुपातमा न्यून संख्यामा रहेका छन । एकातिर यी क्षेत्रमा व्यापक लगानी बढाउनु परेको छ भने अर्को तर्फ लगानीको कमीलाई परिपूर्ती गर्नुपर्ने स्रोतको खोजी गर्नुपरेको छ । साथै यस क्षेत्रमा जनस्तरको माग र गुणस्तरको सन्तुलन कायम गर्ने चुनौती पनि उत्तिकै छ ।

१३. पालिकाले सुशासन र जनताको सेवालाई छिटोछरितो, पारदर्शी र उत्तरदायी बनाउनका लागि सूचना प्रविधिको अधिकतम उपयोग गरेको छ । नागरिकका सूचना, उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिन प्रविधि तथा संयन्त्र दुबैको भरपुर प्रयोग गर्नु पर्ने देखिन्छ । यस क्षेत्रमा पालिकाभित्र हाउस सर्भेदेखि लिएर जिआईएस प्रणाली, जिपिएस सिस्टम, मोबाइल एप्स, पोर्टल, अनलाईन, एप्लिकेशन सम्मका सफ्टवयर प्रयोगमा ल्याउन आवश्य क छ । त्यसैले पालिकाको सेवा रेकर्ड सिस्टम कार्यशैली पालिकाका सम्पूर्ण कार्यहरु डिजिटल डाटाकोरुपमा उपयोग गरिएको छ । तापनि नागरिकमुखि प्रविधिलाई वित्तीय र प्राविधिक हिसाबले दिगो र भरपर्दो बनाई जनस्तरमा प्रविधि साक्षरता बनाउन आवश्यक छ । पहुँच, खर्च र औचित्यका आधारमा लाभ लागत विश्लेरषण गरी लगानी र प्रविधिको प्रयोगमा सन्तुलन कायम गर्न आवश्यरक छ ।

१४. आन्तरिक राजश्वतर्फ सम्पत्ति, मालपोत, घरबहाल, व्यवसाय कर नै राजस्वका मूल स्रोत हुन्। एकातिर संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँडका सिलिङ खुम्चेर साँघुरिदै गएका छन भने अर्कोतर्फ पालिकाको आन्तरिक आम्दानीको स्रोतको कराधार कमजोर रहेका छन् । स्थानीय तहमा हाल परिचालित श्रोत मुख्यगरी अनुदानमा आधारित रहेको छ र यस मध्ये करीब ६६ प्रतिशत हिस्सा सशर्त अनुदानको रहेको छ । प्रशासनिक हिसाबले साधारण खर्चको शिरोभारो चुलिदै गएकोले पुँजीगत बजेट विनियोजनमा चाप

परेको छ । त्यसैले आन्तरिक स्रोत परिचालन गरी वित्तीय अन्तरिनर्भरता घटाउनेतर्फ पालिकाले थप वैकल्पिक स्रोतको खोजी गर्नुपर्ने चुनौती छ ।

१५. शैक्षिक केन्द्रहरुको सुधारका लागि नीतिगत सुधारका साथमा शैक्षिक सुधारका कार्यक्रम लागू भएका छन । एकैदिन विद्यालय व्यवस्थापन समितिका अध्यक्षको चयन, मर्जर Mapping ICT तालिम, क्षमता विकास कार्यक्रम लागू गर्न जरुरी छ । शिक्षकको नेतृत्व र व्यवस्थापकीय कौशलता विकास गर्न पालिकाको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन निःशुल्क पाठ्यपुस्तक, दलित तथा अपाङ्ग छात्रवृत्ति, मा.वि. मा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्यूटरको व्यवस्था गरिएको छ । केही स्कुलमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू भएको छ । तापनी शैक्षिक गुणस्तर खस्कदो अवस्थामा रहेकोले यस क्षेत्रमा ठोस तथा अनुभूति गरिने सुधारको खाँचो रहेको छ। वर्षेनी आउने विपद्का कारण उत्पन्न जोखिम र प्रभावको सम्बोधनमा थप जिम्मेवार र समन्वयकारी हुन जरुरी छ । मनसुनजन्य प्रभावित नागरिकको आवास तथा गाँसबाँसको लागि विभिन्न संघीय तथा प्रादेशिक कार्यालयहरुसँग समन्वय गरी सुरक्षित आवासको हक स्थापित गर्नुपर्ने देखिन्छ ।

१६. "Think Globally, Act Locally" भन्ने भावनालाई आत्मसात गर्दै पालिकाबासीको आकांक्षा पूरा गर्न महामारीका कारण समग्र सामाजिक,आर्थिक पक्षमा परेको प्रतिकूलतालाई समेत सम्बोधन गर्दै देहायका रणनीतिहरु आधार तथा कार्यक्रम तर्जुमा गरिएको छ । पालिकाबासी बुबा, आमा, दाजु भाइ तथा दिदी बहिनीहरुबाट व्यक्त भएका जनचाहनाहरुलाई समेट्दै जनचाहना र समग्र पालिकाको आवश्यकता अनुसार नीतिहरु अवलम्बन गरेका छौ ।

**यस नीति तथा कार्यक्रमका उदेश्य तथा प्राथमिकताहरुः**

- लगानी, जनशक्ति, पूर्वाधार विकास र रोजगारी ।
- स्थानीय उत्पादनको बजारीकरण र विपन्न वर्गलाई संरक्षण गरी आय आर्जन ।
- सुशासनको अभिवृद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी ।
- शिथिल भएको स्थानीय अर्थतन्त्रको पुनरुत्थानका लागि पूर्वाधारमा लगानी, उत्पादन, रोजगारी र वितरण ।
- बस्तिहरुको विकासको रणनीतिक योजना, कार्यक्रम, भू-उपयोग तथा विकास ।
- शिक्षा, स्वास्थ्य र जनजिविकाको उन्नगयन र लगानी ।
- कृषि, पर्यटक, शैक्षिक तथा औद्योगिक क्षेत्रहरुको विकास एवं प्रवर्द्धन ।

अब यस सम्मानित सभामा ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९ /०८० को वार्षिक नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु । गाउँसभा सदस्य ज्यूहरु , अव म यस ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०७९ /०८० को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामि आ.व. २०७९/०८० मा देहाय बमोजिमका वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ ।

# कृषि तथा पशु पन्क्षी विकास

- कृषि विकासका कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालेलन गर्न पालिकाको आगामि ५ वर्षे कृषि विकास रणनीति तर्जुमा गरी सोही अनुरुप कार्यक्रम संचालन गरिने छ ।
- हालको निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायीकरण गरी कृषि तथा पशुजन्य उत्पादनको वृद्धि गरी वस्तुको आयात घटाई निर्यात बढाई गाउँपालिकाको आर्थिक वृद्धि गरिने छ ।
- बाली तथा पशुधनको वीमालाई सघन रुपमा सञ्चालन गर्न बीमा कम्पनीहरुसँग समन्वय गरी बाली तथा पशुधन बीमालाई अभियानको रुपमा सञ्चालन गरिने छ ।
- किसान सूचिकरण कार्यक्रम प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजिकरण गरिने छ । किसान सूचिकरण प्रणाली अन्तर्गत सरकारी स्तरबाट किसानहरुलाई उपलब्ध गराउने सुविधालाई क्रमशः किसान परिचय पत्रसँग आवद्ध गराउन प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरिने छ ।
- पशुपन्छीमा लाग्ने विभिन्न प्रकारका महामारी रोग नियन्त्रणको लागि खोप कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पशुजन्य उत्पादन वृद्धिका लागि आहारा तथा घाँसखेती प्रवर्द्धन गर्न व्यवसायीक पशुपालन फार्म तथा कृषक समूहहरुलाई घाँसको बिउ तथा बेर्ना उपलब्ध गराईने छ ।
- पशु सेवा तथा कृषि प्रसार सेवालाई अधिकतम घरधुरीसम्मसेवा पुर्या उन **"एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक"**को व्यवस्था गरिनेछ ।साथै कृषि तथा पशु सेवा प्राविधिक, व्यवसायिक कृषक तथा समूहका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय उद्योग वाणिज्य संघ तथा उद्यमीहरुको सहकार्यमा कृषि उत्पादनमा वृद्धि तथा बजारीकरणको व्यवस्था मिलाइने छ ।
- रैथाने जातका बाली र पशुपंक्षी को संरक्षण तथा प्रवर्द्धन का लागि कार्यक्रम सञ्चालेन गरिनेछ ।
- **"अध्यक्ष कृषि यान्त्रिकरण कार्यक्रम'**अन्तर्गत अनुदानमा कृषि औजार तथा यन्त्र अनुदानलाई निरन्तरता दिइने छ ।
- भूमिमा कम पहुँच भएका विपन्न घरघुरीलाई मौरी पालन/च्याउ खेती जस्ता व्यवसायमा संलग्न गराई आयआर्जनमा प्रोत्साहित गरिने छ ।
- बाझो र नीजि जग्गामा फलफूल तथा अन्य विरुवा लगाई कृषि व्यवसाय सञ्चालनमाकृषकहरुलाई अभिप्रेरित गरिने छ ।
- फलफूल उत्पादनमा प्रवर्द्धन गर्न किवी, कागती , लिची, सून्तला, आँप जस्ता फलफूल उत्पादन क्षेत्र विकास गरिनुका साथै विस्तार गरिने छ ।
- कृषि योग्य जमिन/भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्यमबाट उत्पादन बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।

- चिया खेतीको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चानलनमा ल्याइने छ ।
- स्थानीय कृषि उत्पादनको ब्राण्डिङ्ग, प्याकेजिङ, बजारीकरण कार्यक्रमलाई सञ्चाालनमा ल्याइने छ ।
- स्वरोजगारीमा आधारित उद्योगलाई उत्पादनका आधारमा अनुदान तथा सुलभ व्याजदरका लागि सहजीकरण गरिने छ ।
- पशु र कृषि क्षेत्रमा लागेका व्यक्तिहरुका लागि **"उद्यमी पूँजी, सुरक्षित कार्यक्रम"** अन्तर्गत साझेदारी गरिने छ ।
- कृषकलाई श्रोत व्यक्तिको रुपमा प्रशिक्षण दिई अनुभव साटासाटका लागि परिचालन गरिने छ ।
- महिला उद्यमीले समूहमा गर्ने लघु उद्यमका लागि आवश्यक उपकरण खरिदको लागत आंशिक रुपमा गाउँपालिकाले व्यहोरिने छ ।
- अपांगता भएका व्यक्तिले सञ्चानलन गर्ने व्यवसायलाई गाउँपालिकाले लिने शुल्क तथा करलाई शत प्रतिशतसम्म छुट दिने व्यवस्थाका लागि अध्ययन गरिने छ ।
- **"नमुना एकीकृत अर्गानिक फर्म"** स्थापनाका लागि प्रोत्साहन अनुदान दिइने छ ।
- संघीय सरकार, प्रदेश सरकारसँगको समन्वयमा कृषि उपज चिस्यान केन्द्र निर्माण गरिने छ ।
- स्वच्छ मासु उत्पादन तथा बिक्री वितरणको व्यवस्था मिलाइने छ।
- लोपोन्मुख हुँदै गरेको पशु (चौरी/भेडा) पालनलाई प्रवर्द्धन गरिने छ ।
- "पौरखी किसानको मान, ऐसेलुखर्क गाउँपालिकाको सम्मान"कार्यक्रम सञ्चा लन गरिने छ ।
- खाद्यान्न बाली (धान , गहुँ, मकै, कोदो, आलु आदी) को प्रवर्द्धन गरी पालिका क्षेत्रको खाद्य सुरक्षा सुनिश्चित गरिनेछ।
- अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गरी रासायनिक मल तथा विषादी रहित कृषि उत्पादनमा जोड दिइने छ ।
- पशुपन्छीको लागि परजिवी नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- दुध तथा दुग्ध पदार्थ उत्पादनमा प्रोत्साहन गरिने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका इच्छुक युवाहरुलाई प्राथमिकताका साथ व्यवसायिक पशुपालन तथा कृषि कार्यक्रममा समाबेश गरिनेछ ।
- व्यावसायिक पशुपालन तथा कृषिलाई प्रवर्द्धन गरिनेछ ।
- पशुसेवा शाखालाई पशुपन्क्षी सम्बन्धी आधारभूत तथ्याङ्क संकलन, प्रसोधन र विश्लेषण गरी अनुसन्धानको नतिजाका आधारमा पशुसेवा कार्यक्रमहरु सिफारिस गर्न सक्षम बनाइनेछ ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्न सक्षम सफल युवा व्यवसायी कृषक तथा पशुपालकहरुका लागि हरेक वर्ष पुरस्कारको व्यवस्था गरिनेछ ।

- राम्रो काम गर्ने अगुवा तथा व्यवसायिक कृषकहरुलाई वार्षिक रुपमा प्रोत्साहनका कार्यक्रमहरु आयोजना गरी कृषि क्षेत्रमा युवा वर्गको आकर्षण वृद्धि गरिनेछ ।
- जलवायु तथा माटोको गुण तथा अन्य परिसूचकको आधारमा तुलनात्मक लाभ लागत विश्लेवषण गरी भौगोलिक क्षेत्र अनुसार कृषि पकेट क्षेत्र पहिचान गरिनेछ ।
- पहिचान भएका कृषि पकेट क्षेत्रमा तोकिए अनुसारका कृषि बालिहरुको व्यवसायिक खेती गर्ने कृषकहरुलाई सहयोगार्थ गाउँपालिकाले विभिन्न संघसंस्थासँग संस्थागत समन्वय गरिने छ । गाउँपालिकाले आफ्नै स्रोतबाट समेत आवश्यक ज्ञान सीप प्रदान गरिने छ।
- कृषिलाई पर्यटनसँग आवद्ध गरी कृषि पर्यटनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- कार्यक्रम सञ्चालनमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा दोहोरो नहुने गरी कार्यक्रम सञ्चाजलन गरिनेछ ।
- हाते ट्याक्टर लगायतका कृषि यन्त्र तथा उपकरणहरुको मर्मत सम्भार गर्ने तालिम सञ्चाालन गरी रोजगारी सिर्जना गरिने छ ।

## उद्योग तथा व्यवसाय

- हालको निर्वाहमुखी गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) उद्योग विकास प्रणालीलाई व्यवसायीकरण गरी उद्योग तथा व्यवसाय विकास गरेर उत्पादन वृद्दि गरी वस्तुको आयात घटाई निर्यात बढाउन प्रयास गरिने छ ।
- उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजिकरण गरी लघु उद्यमी समूहको गठन तथा परिचालन गरिने छ।
- भैइरहेका उद्यमीहरुको लागि स्तरोन्नति (पुर्णताजगी तथा एडभान्स सिप विकास तालिम प्रदान गरिने छ।
- उद्यमशिलता विकास तालिम सञ्चातलन गरी यस अन्तर्गत व्यवसाय प्रति सचेतना बनाउन (टोपे), व्यवसाय शुरु गर्न (टोसे) र सम्मान तरिकाले आफ्नो व्यवसायलाई अगाडि बढाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चातलन गरी उद्यमीले गर्न चाहेको व्यवसायको व्यवसायिक योजना तयार गरिने छ ।
- उद्यमशिलता विकास तालिममा सम्भावित लघु उद्यमीहरुले छनौट गरेको व्यवसायको आधारमा प्राविधिक सिप विकास तालिम सञ्चालन गरी रोजगारमुखी बनाइने छ ।
- सम्भावित उद्यमीहरुलाई व्यवसाय सञ्चालन गरी आर्थिक लाभ गर्नको लागि लघु वित्तिय सस्थाहरुसँग समन्वय गराई लघु वित्तमा पहुँच पुर्याइने छ ।
- प्रविधि हस्तान्तरण कार्यक्रमप्रभावकारी रुपमा सञ्चालन गरी उद्यमीहरुलाई उपयुक्त प्रविधिमा पहुँच पुर्याहइने छ।
- लघु उद्यमीहरुलाई बजार सम्बन्ध विकास गराई व्यवसायिक परामर्श सेवामा जोड दिइने छ । साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालनमा सहजिकरण गरी लघु उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको सहज तरिकाले विक्री वितरण गर्ने वातावरण मिलाउनका लागि सौगात

गृह तथा  कोसेली घर स्थापना गर्न उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता गरिने छ ।

- औद्योगीक पूर्वाधारको व्यवस्था र लगानीमैत्री नीतिगत व्यवस्था गरिनेछ ।
- विपन्नी र दलित समुदायले अगाल्दै आएको परम्परागत पेशा व्यवसायलाई प्रेरित गरी कार्यक्रम सञ्चा लन गरिने छ।
- वन जन्य उद्योगको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापनाका लागि आवश्यक समन्वयात्मक कार्य अगाडि बढाइनेछ ।
- युवाहरुको क्षमता विकास गरी स्वरोजगारी मार्फत उद्यम व्यवसायमा संग्लन हुन प्रेरित गरिनेछ ।
- लक्षित वर्ग लाई सीप विकास तालिम र रोजगारी एवम् आयआर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिने छ ।
- कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गरिने छ ।

## रोजगार कार्यक्रम

- बेरोजगार व्यक्तिहरुलाई रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाइ, खानेपानी, वन, पर्यटन, सडक यातायात लगायतका सार्वजनिक विकास निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी सम्बन्धित कार्यक्रम तथा आयोजनाहरु संचालन गर्दा आन्तरिक रोजगारी सिर्जनालाई यथोचित प्राथमिकता दिइने छ । साथै सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी थप रोजगारीका अवसर सिर्जना गरिने छ ।
- गाउँपालिकाभित्रको संभाव्य रोजगारीको स्थिति विश्ले षण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, बेरोजगार व्यक्तिहरुको पहिचान र सूचीकरण कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चा लन तथा व्यवस्थापन गर्न बेरोजगार व्यक्ति, निर्वाचित जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अभिमुखिकरण कार्यक्रम सञ्चागलन गरिने छ ।
- विभिन्नय रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउने, गाउँपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिने छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/०८० मा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालिन निर्देशिका, २०७५ (दोस्रो संशोधन-२०७८/०९/३०) को दफा २१ (३) र प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ बमोजिम प्राथमिकता क्रम निर्धारण सूची अनुसार १०० दिनको न्यूनतम रोजगारी प्रदान गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजना/आयोजनाको लागि गैंती, बेल्चालागयतका आवश्यक सामाग्रीहरुको व्यवस्था गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगारीलाई रोजगारी दिने कार्यक्रम रहेको र रोजगारी सिर्जना गर्नु स्थानीय तहको उत्तरदायित्व र जिम्मेवारी भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारी सिर्जनाको लागि थप रकम विनियोजन गरिने छ ।
- बैदेशिक रोजगारीमा रहेका, बैदेशिक रोजगारबाट फर्किएका र बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै रोजगारीमा संलग्न भएका व्यक्तिहरुको तथ्याङ्कफ रोजगार सेवा केन्द्रमार्फत संकलन गरिने छ ।
- बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप, तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा पठाइने छ ।

## स्वास्थ्य क्षेत्र

- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवालाई अझ गुणस्तरीय र सेवामुखी बनाउनुको साथै स्वास्थ्य क्षेत्रमा नीतिगत , संरचनागत एवं प्रणालीगत सुधार गरिने छ ।
- आधारभुत सेवालाई थप प्रभावकारी बनाउन तथा स्वास्थ्य संस्थाको रिपोर्टीङ सेवालाई प्रविधीमैत्री बनाउन हरेक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीहरुलाई अनलाईन रिपोर्टिङ तालिमको व्यवस्था गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कबाट दिइदै आएका शुःल्क सहितका सेवा(प्रयोगशालामा जाँचका सम्पुर्ण सेवाहरु,एक्सरे सेवा तथा भिडियो एक्सरे सेवाहरू, ओ.पि.डी. तथा इमर्जेन्सी सेवाहरु) ऐसेलुखर्क गाउँपालिकामा वसोवास गर्ने सम्पुर्ण नागरिकहरुका लागि निःशुल्क सेवालाई निरन्तरता दिइने छ।उक्त सेवाहरु प्रवाहकालागि आवश्यक पर्ने सामाग्रीको व्यवस्था गाउँपालिकबाट मिलाइने छ।

- माहामारी रोकथाम तथा नियन्त्रणका लागि भौतिक संरचना,जनशक्ती तथा स्वास्थ्य सुरक्षाको आवश्यक व्यवस्था मिलाउनुका साथै माहामारी रोकथाम तथा नियन्त्रणका लागि सहयोगी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- औषधि तथा औषधिजन्य सामाग्रीको आपूर्तिलाई थप व्यवस्थित बनाइने छ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक व्यवस्थापनमा सुधार गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्र संचालित गाउँघर क्लिनिक तथा खोप क्लिनिकमा सहज तरिकावाट सेवा प्रवाह गर्न आवश्यक फर्निचरको व्यवस्थापन गरिने छ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुले पुर्याउिनुभएको स्वास्थ्य सेवाको उच्च मुल्यांकन गर्दै अघिल्ला वर्षहरुमा दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइने छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि एम्वुलेन्स सेवानिःशुल्क गरिने छ ।साथै प्रसुतीमा जटिलता आएर प्रेषण गर्नुपर्ने मध्ये आर्थिक अवस्था कमजोर भएका प्रसुती महिलालाई आर्थिक सहायताको लागि वजेटको व्यवस्था गरिने छ ।
- स्वास्थ्य सेवालाई व्यवस्थित बनाउन टोकन प्रणाली लागू गरी बिमारीको प्रोफायललाई कार्यान्वयनमा ल्याइने छ ।
- नेपाल सरकारले लिएको लक्ष्य पूरा गर्न स्वास्थ्य विमा कार्यक्रमको सेवा प्रवाहलाई थप प्रभावकरी बनाउन तथा विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमाको प्रबन्ध मिलाई पालिका स्तरीय विमा समितीलाई सक्रिय बनाइने छ ।
- गर्भवतिहरुलाई प्रदान गरिदै आएको ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कोभिड-१९रोग विरुद्धको खोप अभियानलाई पूर्ण खोप पालिका सुनिश्चित गरिनेछ ।
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कार्यक्रमको उच्च सम्मान गर्दै सेवाका आधारमा प्रोत्साहित गरिनेछ।
- ज्येष्ठ नागरिक, दिर्घरोगी एवं अपांगहरुसँग स्वास्थ्यकर्मी कार्यक्रम मार्फत ग्रामिण स्वास्थ्य परीक्षण सेवाको थालनी गरिनेछ ।
- स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेकाहरुका लागि पालिका भित्र निःशुल्क स्वास्थ्य शिविर संचालन गरिने छ ।
- सरकारले ल्याएको मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ कार्यान्वयन गरिने छ ।

- महिला, बालबालिका तथा किशोरीहरुको पोषणको अवस्था सुधार गर्न बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यालयसँग स्वास्थ्यकर्मी कार्यक्रम संचालनमा ल्याइने छ ।
- हाल सञ्चाँलमा रहेका ऐसेलुखर्क, राखा, माक्पा, ज्यामिरेका स्वास्थ्य संस्थामा रहेका बर्थिङ सेन्टरहरुको क्षमता विकास गर्नुका साथै **"नो होम डेलिभरी"** कार्यक्रम अन्तर्गत बर्थिङ सेन्टरहरुको स्तरोन्निती गरिने छ ।

# सुशासन

- गाउँपालिका वा वडा कार्यालयहरुमा विद्युतीय सुशासन (E-governance) अवलम्बन गरिनेछ ।
- वडा कार्यालयबाट सम्भव हुने सम्मका सेवाहरुलाई वडाबाटै प्रदान गरिनेछ ।
- सेवाग्राहीहरुको गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन गुनासो पेटीका सञ्चाeलनमा ल्याइने छ । सुशासन प्रवर्द्धन गर्न गुनासोको सम्बोधन छिटोछरितो ढंगबाट गरिनेछ ।
- सेवा प्रभावकारीताको लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई आवश्यक क्षमता विकास तालिम सञ्चाेलन गरिनेछ ।
- सेवाग्राहीले आफूले चाहेका सेवा प्राप्त गर्न चाहिने आवश्यक कागजात तथा प्रकृयाबारे विभिन्न सञ्चार माध्यमबाट प्रचार-प्रसारको व्यवस्था गरिनेछ ।
- जवाफदेहीता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता जवाफदेहिताका साधन अधिकतम प्रयोग गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन गाउँपालिकाको कार्यालयमा सहायता कक्षको स्थापना गरिने छ ।
- पालिकाको कार्य प्रगतिको नियमित सार्वजनिकीकरण गरी पारदर्शीता प्रणालीको विकास गरिने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याइने छ ।
- सूचक र परिणामको चेक लिष्ट तयार गरी वार्षिक कार्यक्रम र योजना अनुगमन गरिने छ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई समेटिने छ ।
- सार्वजनिक भुक्तानी प्रणालीलाई विद्युतीय भुक्तानी प्रणालीमा लैजाने नीति लागू गरिने छ ।
- पालिकाको राजश्वा संकलन, कार्यकुशलता, कराधार पहिचान, विस्तार क्षमताको कार्य गरिने छ ।

- राष्ट्रसेवक कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित मापनयोग्य सूचक सहितको **"कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली"**निर्माण गरी कार्य गर्न प्रोत्साहित गर्ने र गाउपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु सञ्चारलन गरिने छ ।
- गाउँपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगै कार्यसम्पादनमा स्पष्ट सूचक निर्माण गरी पालिकालाई उत्कृष्टताको केन्द्र विन्दुको रुपमा विकास गरिने छ ।
- गाउँपालिकाको सेवाप्रति नागरिकहरुको सन्तुष्टिको लागि सम्पादन भएका सेवाको नागरिक सर्वेक्षण गरिने छ ।
- गाउँपालिकाबाट सञ्चारलित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजानिकीकरण गरी पारदर्शीता र जवाफदेहीता अभिवृद्धि गरिने छ ।
- गाउँपालिकाको वित्तिय सुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदनले औंल्याइएका नियमित गर्नु पर्ने, असुल उपर गर्नु पर्ने, प्रमाण कागजात पेश गर्नु पर्ने लगायतका बेरुजु फर्छौंट गर्न सम्बन्धित पक्षलाई सूचित गरिने र तोकिएको समयावधीमा बेरुजु फर्छौंट नगर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ ।

## पूर्वाधार विकास

- केन्द्र तथा प्रदेशबाट गाउँपालिका भित्रने मुख्य सडकहरुको स्तरोन्तीलाई विशेष प्राथमिकतामा दिइने छ ।
- गाउँपालिका भित्र निर्माण गरिएका सडकहरुको मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ ।
- सडकको रणनीतिक महत्वको आधारमा वर्गिकरण गरी यसै अनुसार ग्राभेल गर्ने वा सामान्य मर्मत गर्ने कार्य अगाडि बढाइने छ ।
- प्रत्येक वडा कार्यालयहरु देखि गाउँपालिकाको केन्द्रसम्म जोड्ने मुख्य सडकहरुलाई पहिलो प्राथमिकतामा राखी सडक स्तरोन्नाती गरिनेछ । त्यस पछि विद्यालय, स्वास्थ्य चौकी जस्ता सेवा केन्द्रहरुलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको सबै बासिन्दाको सफा खानेपानीमा पहुँच सुनिश्चिछत गर्न **"एक घर, एक धारा "** कार्यक्रम सञ्चा लनमा ल्याइने छ।
- ऐसेलुखर्क गाउँपालिकाको पहिचान झल्कने गरी ऐसेलुको प्रतिमा स्थापना गरिने छ ।

- गाउँपालिकाभित्रकेन्द्रीय विद्युत प्रसारण लाइनको पहुँच नपुगेको बस्ती वा टोलहरुमा केन्द्रीय विद्युत प्रसारण लाइनको लागि आवश्यक पहल कदमी गरिनेछ ।
- गाउँपालिका भित्रका सबै वडा क्षेत्रमा भरपर्दो सञ्चाहर सेवाको लागि पहल गरिनेछ ।
- पालिका रिङरोडको लागि आवश्यक अध्ययन कार्य थालनी गरिने छ ।
- ऐसेलुखर्क बजार क्षेत्र ढलानको लागि डि.पि.आर. तयार गरी आवश्यक कार्यको थालनी गरिने छ ।
- वडा र गाउँपालिका केन्द्र जोड्ने मुख्य-मुख्य सडकहरुको डि.पि.आर. गरी स्तरोन्नीतीको कार्यक्रम सञ्चालन गरिने छ ।
- शहरी तथा ग्रामिण क्षेत्रमा सडक र यातायातको पहुँच विस्तार गर्दा पानीका स्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्रहरुको प्रतिकुल असर नहुने गरी विस्तार गरिने छ ।
- यातायात क्षेत्रलाई व्यवस्थित बनाउनको लागि बसपार्कको निर्माण कार्य व्यवस्थित गरिने छ । पार्किङ क्षेत्रलाई व्यवस्थित गरिने छ र सडक तथा बजार क्षेत्रका सडकहरुमा हुने अव्यवस्थित पार्किङलाई व्यवस्थित गरिने छ ।
- सानातिना भैपरी आउने पूर्वाधार निर्माण तथा मर्मतका लागि कुल पुँजीगत बजेटको वडा स्तरीय योजनाका लागि १० प्रतिशत र पालिका स्तरीय योजनाका लागि ५ प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गरी न्यूनतम सुविधा सहित सञ्चालनमा ल्याइनेछ ।
- कुनै योजना/आयोजना तथा कार्यक्रमहरुमा दोहोरोपना पर्न गएमा कार्यपालिकाको बैठकद्वारा उक्त योजना/आयोजना तथा कार्यक्रमहरुलाई संसोधन गरिने छ ।
- मध्यकालिन खर्च संरचनाको निर्माण गरी योजना र बजेटको बीचमा तालमेल मिलाइ पुँजीगत खर्च प्रणालीमा सुधार ल्याइने छ ।
- माध्यमिक तहमा विद्यार्थी संख्या र भौगोलिक विकटताको अध्ययनका आधारमा विद्यार्थी आवास गृह निर्माण गरिने छ ।
- अन्तरपालिका जोड्ने सडकहरुमा पक्कीर पुल तथा बेलिब्रिजको व्यवस्था गरी आवतजावतमा सहजता ल्याइने छ ।
- गाउँपालिकाबाट सञ्चासलन हुने रु. दश लाख भन्दा माथिका आयोजनाहरु/योजनाहरु टेन्डर प्रक्रियाबाट सञ्चारलन मार्फत व्यवस्था मिलाइने छ ।
- आगामि ५ वर्षभित्र प्रत्येक वडामा एक वटा महिला सामुदायिक भवन निर्माण गरिने छ ।

- गाँउपालिकालाई खरको छाना मुक्त बनाउनको लागि खरको छाना भएका घरहरुलाई जस्ता पातामा रुपान्तरण गरी आवासको हकको कार्यान्वयन गरिने छ ।

## शिक्षा, युवा तथा खेलकुद

- शिक्षक र प्रधानाध्यापकहरुको कार्य सम्पादन, मूल्याङ्कन, शैक्षिक नतिजामा आधारित बनाइनेछ ।
- विद्यालयहरुको भौतिक संरचना सुधारलाई जोड दिइनेछ ।विद्यार्थी उमेर अनुसारका फर्निचर सुविधाको व्यवस्था मिलाइनेछ ।विद्यार्थीहरुलाई पूर्वाधारयुक्त कक्षाकोठामा पढ्ने वातावरण सिर्जनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा विज्ञान प्रयोगशाला ,गणितीय सामाग्री तथा सूचना प्रविधिमा आधारित शैक्षिक सामाग्री सहितका कक्षाकोठाको व्यवस्था गरिनेछ । बाल विकास केन्द्रका कक्षा कोठालाई छापामय बनाइनुका साथै खेल सामाग्री, अडियो, भिडियो सामाग्री सहित आकर्षक मनोरञ्जक र बालमैत्री कक्षाकोठाको व्यवस्था गरिनेछ ।
- शिक्षकलाई निरन्तर विद्यार्थी मूल्यांकन, कक्षाकार्य, सृजनात्मक कार्य र उपचारात्मक शिक्षण गर्न प्रोत्साहन गरिनेछ ।
- शैक्षिक सुधार अभियानलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक सुधारका लागि जिम्मेवारी र जवाफदेही बनाइनेछ ।
- प्राविधिक विषयको शिक्षणलाई गुणस्तरीय बनाउदै लगिनेछ साथै थप माध्यमिक विद्यालयहरुलाई प्राविधिक धार सञ्चालनमा विस्तार गरिनेछ।
- शिक्षकलाई तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ साथै सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइनेछ ।
- शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा विद्यालयको समायोजन गर्ने नीति अवलम्वन गरिनेछ साथै शिक्षक, विद्यार्थी र भूगोलका आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- गाउँपालिकाभित्र स्नातक तहसम्मको क्याम्पस संचालन गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको गौरव, सस्कृति, सभ्यता, मुल्यमान्यता र एकताको सम्बर्द्धन, नागरिकको कर्तव्यसहितको क्षेत्रमा रही स्थानीय पाठ्यक्रमलाई अन्तिम रुप दिइनेछ।
- शिक्षक तलव भत्ता अनुदानलाई निरन्तरता दिइनेछ ।
- प्र.अ. सञ्चारर खर्च,बालविकास सहयोगी कार्यकर्ता, कार्यालय सहायक तथा कार्यालय सहयोगीको थप तलब भत्तालाई निरन्तरता दिइनेछ ।
- स्वच्छ तथा सफा बगैंचासहितको विद्यालयको अवधारणा कार्यान्वयन गरिनेछ ।

- ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका वडा शिक्षा समितिलाई शैक्षिक गुणस्तर सुधारका लागि जिम्मेवारी र जवाफदेही बनाउँदै लगिनेछ ।
- शिक्षक-विद्यार्थी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ। मापन र मूल्याङ्कनको दायरालाई थप चुस्त दुरुस्त,पारदर्शी र वस्तुनिष्ठ बनाइनेछ ।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा अपाङ्ग मैत्री बनाउँदै लगिनेछ ।
- **"शैक्षिक केन्द्रको सुधार, विद्यार्थीको अधिकार"** भन्नेल नाराका साथ गाउँपालिकाको शिक्षा प्रणालीमा सुधार गर्दै अब्वल व्यवसायिक कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवम् संस्थागत विद्यालयबीचको भिन्नाताको अन्त्य, असल अभ्यासहरुको आदान-प्रदानका साथै नमूना विद्यालय नीति अवलम्बन गरिने छ ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालयका प्रधानाध्यापक र विषयगत शिक्षकका बीच सूचक सहित कार्य सम्पादन करार गरी नतिजा र मापणयोग्य बनाइने छ ।
- बालविकास केन्द्रको स्तरोन्नगतीका लागि समुदाय, विद्यालय र पालिकाबीच साझेदारी कार्यक्रम लागू गरिने छ ।
- विद्यालयको समग्र व्यवस्थापन मूल्याङ्कनका लागि गरिने Third Party Evaluation परिचालन गरिने छ ।
- पालिका र विद्यालय बीच Invest of brain Programe सञ्चा लनमा ल्याइ प्रतिभाको खोजी कार्यक्रम लागू गरिने छ ।
- विद्यालय सुधारका लागि शिक्षक अभिभावक अन्तरक्रिया कार्यक्रम बनाइ लागू गरिने छ ।
- कमजोर आर्थिक अवस्थाका कारण बालबच्चा/बालबालिकाहरु विद्यालय जानबाट वञ्चि त हुनु पर्ने अवस्थाको अन्त्य गर्न गरीब र असहाय छात्रवृत्ति कार्यक्रम सञ्चानलन गरिने छ ।
- विद्यालय समायोजन भई प्रयोगमा नआएका विद्यालय भवनहरुलाई बाल विकास केन्द्र र सामुदायिक सिकाई केन्द्र तथा समुदायद्वारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था गरिने छ ।
- सम्पूर्ण माध्यमिक विद्यालयहरुको वार्षिक योजना निर्माण गरी पालिकामा स्वीकृतिको लागि शिक्षा समितिमार्फत पेश गर्ने, सो योजनाको मूल्याङ्कीन तथा नतिजाको आधारमा अनुदान कार्यक्रम लागू गरिने छ ।
- विद्यालयमा छात्राहरुको स्यानटरी प्याडको प्रयोग, व्यवहार, मनोभावना, ज्ञान र सीपको आदान-प्रदान गर्न **"छात्रासँग अध्यक्ष कार्यक्रम"** सञ्चा लन गरिने छ ।
- माध्यमिक विद्यालयहरुको पठनपाठनमा E-learning लाई निरन्तरता गरिनेछ ।
- शिक्षकले कक्षाकोठामा बिताउने समय दैनिक पाठयोजनासहितको कक्षा शिक्षण प्रभावकारी मापन र मूल्याङ्कनको सुनिश्चितताका लागि प्रधानाध्यापकलाई थप जवाफदेही र जिम्मेवारी बनाइनेछ । विद्यालय अनुगमनलाई थप व्यवस्थित र नियमित गरिनेछ ।
- प्राविधिक जनशक्ति उत्पादनको लागि गाउँपालिका स्तरमा छात्रवृति कोषलाई निरन्तरता दिइनेछ।
- जगेडा शिक्षक कोषलाई निरन्तरता दिइनेछ ।

- कक्षा ३, ५ र ८ को वार्षिक परीक्षालाई व्यवस्थित र मर्यादित बनाउँदै लगिनेछ, शैक्षिक उपलब्धि वृद्धिका लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्धमशिलताको विकास गरिनेछ ।
- युवामा अनुशासन संस्कृतिको विकास, शारिरीक तन्दुरुस्ती तथा मानसिक विकास एवम् खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउन खेलकुद पूर्वाधारको निर्माण , प्रतियोगिताको आयोजना र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकताको आधारमा प्रशिक्षक, कर्मचारीको व्यवस्था गरिनेछ ।
- बेरोजगारी युवालाई लक्षित गर्दै लामो तथा छोटो व्यावसायिक सीप तालिम व्यवस्था गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरी प्रतिभाशाली खेलाडीहरु पहिचान गर्ने र पहिचान भएका खेलाडीहरुलाई थप अवसरहरु प्रदान गरिनेछ । ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरुसँगको सहकार्यमा विद्यार्थीहरुको समग्र विकासका लागि विविध प्रतियोगिताहरुको आयोजना गरिनेछ।
- पालिका स्तरीय खेलकुद प्रशिक्षकको व्यवस्था गरी खेलाडीहरुको क्षमता विकास गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिका भित्रका महिला, विपन्न तथा गरिब, जेहेन्दार, दलित, अल्पसंख्यक, जनजाती विद्यार्थीहरुलाई प्राविधिक शिक्षा (एम.बि.बि.एस, बि.डि.एस., बि.पि.एच., इन्जिनियरिङ) क्षेत्रमा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई कार्यविधि निर्माण गरी न्यूनतम रु. ५ लाखदेखि अधिकतम रु. २० लाखसम्म बढीमा २ जनालाई आर्थिक सहयोग गर्ने नीति ल्याइने छ ।

## सूचना प्रविधि

- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई प्राथ मिकतामाराखीपूर्ण DigitizationICTतथा IoT (Internet of Things)को प्रयोगलाईव्यापक बनाइनेछ ।
- प्रत्येक वडा तथा गाउँमा Internet Connectivityको जालोलाई अझ व्यवस्थित गर्दै विस्तार गरिनेछ ।
- विद्यालय तथा गाउँपालिका क्षेत्रभित्रका अन्य सार्वजनिक स्थलहरुमा Free-WiFi जडानको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरुमा E-Attendance (विद्युतिय ई-हाजिरीको) जडान गरी लागू गरिनेछ ।
- Digitizationलाई पूर्ण रुपमा लागू गर्न सो सँग सम्बन्धित कार्यहरुलाई अगाडि बढाइनेछ ।

- डिजिटल नेपाल फ्रेमवर्क-२०१९ ले तोकेका क्षेत्रहरुलाई प्राथमिकतामा राखी सरकारी डाटाबेस, वेबसाइट तथासचूना प्रणालीको संरक्षण गरिनेछ । गाउँपालिकामा एक प्रविधिमोनिटरिङकेन्द्रकोस्थापना गरी जोखिमकोअनगुमन गरिनेछ ।
- बालबालिकातथावृद्धवृद्धा लगायत सबै नागरिकलाई साइबर स्वास्थ्य सचेतना कार्यक्रम गरिनेछ ।
- सुरक्षा स्थितिलाई मध्यनजर गर्दै ऐसेलुखर्क बजारमा रहेको हटियाडाँडा लगायत बजार प्रवेश गर्ने मुख्य-मुख्य नाकाहरु, बढी भिडभाड हुने क्षेत्रहरुमा CCTV Camera कोजडान गरिनेछ ।
- गाउँपालिकाको आफ्नै व्यवस्थित Mobile Applicationनभएकोले Interactive Mobile Application विकास गरी सरकारी तिरो लगायत अन्य सेवाहरु Apps बाट नै तिर्न तथा लिन मिल्ने गरी व्यवस्था गरिनेछ ।

## महिला, बालबालिका, अपांगता, ज्येष्ठ नागरिक तथा सामाजिक विकास

- "ग" वर्गको अपांग कार्ड प्राप्त व्यक्तिहरुलाई दि इदै आएको भत्ता रकमलाई निरन्तरता दिइने छ ।
- आर्थिक रुपमा विपन्न तथा एकल महिलाहरुको क्षमता अभिवुद्धि तथा जिविकोपार्जनको लागि सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- लैंगिक हिंसा निवारण कोषको लागि रकम विनियोजन कार्यलाई निरन्तरता दिइने छ ।
- महिला तथा बालबालिका सम्वन्धि दिवसिय कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- युवाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु सञ्चाललन गरिनेछ ।
- महिला तथा बालबालिका सम्वन्धि गरिने वडा स्तरीय कार्यक्रमहरु वडाबाट नै बजेट विनियोजन गरी वडाबाट नै सञ्चालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला तथा बालबालिका शाखाद्धारा गठन गरिएको महिला समूह तथा समितिका पदाधिकारीहरुसँग अन्तरकृया कार्यक्रम गरिनेछ ।
- पालिका स्तरीय विद्यालय विमुख किशोरी समूह गठन क्षमता अभिवृद्धि तथा जिविकोपार्जनको लागि सीपमूलक तालिम सञ्चामलन गरिनेछ ।
- ज्येष्ठ नागरिक सम्वन्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- बाल विवाह न्यूनिकरणका लागि समुदायमा सचेतना मूलक तालिम सञ्चामलन गरिनेछ ।
- विकासका कार्यहरुमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।
- जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाको लागि पहल गरिने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गरी सम्पुर्ण तथ्याङ्क लाई डिजिटलाइजेशन गरिने छ ।
- महिला हिंसाको न्यूनिकरण गर्न आवश्यक तथ्यपरक पैरवीका लागि समुदायस्तर देखि पालिका तहसम्म अभियानका कार्यक्रम सञ्चाकलन गरिने छ ।

- आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई बिउ पूँजी उपलब्ध गराइने छ ।
- महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमहरु (सडक नाटक, क्षमता अभिवृद्धिका तालिम, गोष्ठी) कार्यक्रम सञ्चा लन गरिने छ ।
- बीउ पूँजीमार्फत उत्पादनमूलक व्यवसायका कार्यक्रमहरुमा महिलाहरुलाई सहयोग गरिने छ ।
- यौनजन्य कसुरसँग सम्बन्धित कानुनी व्यवस्था, फौजदारी कानुनसँग सम्बन्धित कानुन, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभावसँग सम्बन्धित कानुनी व्यवस्थाका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चाभलन गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता नागरिकको घर/दैलो बाटनै वितरण गर्ने व्यवस्था मिलाइने छ ।

## वित्तीय संघ संस्था तथा सहकारी

- गाउँपालिकाभित्र सञ्चातलनमा रहेका विद्यमान सहकारी संस्थाहरुको सूचना संकलन गरी वास्तविक अवस्था पहिचान गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गरिनेछ ।
- सहकारी संस्था तथा वित्तीय संस्थाहरुको नाफाको अधिकतम हिस्सा लक्षित समुदायको उत्थानमा लगाउन नीतिगत व्यवस्था गरिने छ ।
- सहकारीमा संस्थागत तथा वित्तीय सुशासनको अवस्था, अनुगमनको व्यवस्था गरी प्रभावकारी ढंगले सञ्चाालन हुन वा निष्कृय रहेका सहकारीहरुको लागि पहिलो चरणमा क्षमता अभिवृद्धि गर्ने र यस पश्चात पनि कार्य सम्पादन सुधार हुन नसकेमा अन्य सहकारीसँग गाभ्न सहयोग गर्ने वा खारेजीको व्यवस्था गरी सहकारी सूचिकरण गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- जैविक प्रविधिमा जोड दिई सडक, खोला खोल्सामा ( Bio- Engineering) वृक्षारोपन बाँस रोपन, रुख रोपन र तटबन्धन आदि कार्य गरिने छ।
- वन कार्यालय, अन्य सम्बन्ध सरकारी तथा गैह्र सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।
- नदी जन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, वालुवाको आकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुहरुको उत्खनन संकलन, प्रशोधन, ओसार-पसार र विक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- दुधकोशी जलाधार तथा सम्बन्धित उप-जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि पानीको स्रोत र संरक्षण सदुपयोग, वन व्यवस्थापन संरक्षण, कृषि प्रविर्द्वन, जडिबुटी खेती जस्ता

कार्यालय विशेष प्राथमिकताका साथ स ञ्चालन गरिने छ । सोका लागि सरोकारवाला संस्थाहरुसँग आवश्यिक समन्वय र सहकार्य गरिने छ ।

- विपद व्यवस्थापनको लागि विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरी साझेदारीमा प्रभावकारी कार्य सञ्चायलन गरिने छ
- वन्य जन्तु तथा बाँदरबाट कृषि उपज उत्पादनको क्षति नियन्त्रण गर्नको लागि सरोकारवाला पक्षहरुसँग समन्वय गरी प्रभावकारी कार्यक्रम अगाडि बढाइने छ ।

## पर्यटन

- CAN (Culture Advance and Nature) Model लाई साकार पार्न सूचना सम्प्रेषण, क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तार जस्ता कार्य सञ्चारलन गरिने छ ।
- पर्यटन क्षेत्रमा लगानी गर्न चाहने लगानी कर्ताका लागि व्यवसाय दर्ता, जग्गा प्राप्ति, समुदायको सहयोग प्राप्तिका लागि सहजिकरण गरिने छ ।
- सपनेश्वर, देउराली डाँडा, गौथली भीर, झाँक्रीबास गुफा, माकीपा पर्यटन क्षेत्र, बहाने पोखरी, रातपाने छागा, सतीदेवी मन्दिर, थामडाँडा, झाँक्रीबास बौद्ध, नागेश्वर महादेव मन्दिर, फापरश्वरा, जलेश्वरी र बाकाचोल सिमानामा रहेको टावर डाँडामा होमस्टे लगायतका पर्यटकीय परियोजना निर्माणका लागि डि.पि.आर. सहित विभिन्नौ तहका सरकारको सह-लगानी जुटाइने छ ।
- उत्पादनमुखी पर्यटन विकास गरी पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन गरिने छ ।

## धर्म, संस्कार तथा सस्कृति

- गाउँपालिका भित्रका सबै जातजाति, भाषा, कला धर्म, संस्कार तथा सस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।
- गाउँपालिका भित्रका सबै जातजाति, भाषा, कला, धर्म, संस्कार तथा सस्कृतिको प्रतिनिधित्व हुने गरी सांस्कृतिक महोत्सवको आयोजना गरिने छ ।

## न्याय

- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चाकलन ऐन, २०७४ को दफा ४७, ४८ र ४९ मा तोकिएको व्यवस्था र क्षेत्राधिकारमा न्याय सम्पादन गरिने छ । न्यायिक समितिको काम कारवाहीलाई सर्वसाधारणको पहुँचमा पुर्याइने छ ।

## सार्वजनिक खरिद व्यवस्थापन

- सहभागिता मूलक विकासको सिद्धान्तलाई आत्मसाथ गर्दै श्रमजन्य निर्माणमा लाभग्राही समुदाय तथा उपभोक्ता समितिमार्फत रु. १० लाखसम्मको मात्र निर्माण कार्य गर्ने एवम्

हेभ्भी इक्यूप्मेन्ट प्रयोग गरेर गरिने निर्माण कार्य तथा जटिल प्रकृतिका निर्माण कार्यमा दरभाउ पत्र, बोलपत्र विधिबाट खरिद गरिने छ ।

- सार्वजनिक खरिदमा गाउँबासी नागरिकहरुको सम्मान र अविभेदकारी पहुँच सुनिश्चित गर्दै प्रतिष्पर्धा र पारदर्शीता अभिवृद्धि गरिने छ ।
- निजी क्षेत्र (निर्माण कम्पनी) लाई अनुशासित तुल्याउदै पैसाको उच्चतम मुल्य प्राप्त गर्न आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने क्रियाकलाप सञ्चाअलन गरिने छ ।
- आम गाउँबासी  नागरिकहरुमा सरकारी खर्च तथा सार्वजनिक खरिदको औचित्य सिद्ध गर्दै खरिद कार्यमा नियमितता, मितव्ययिता, गुणस्तरीयता तथा कार्यमूलकता कायम गर्न नियमित अनुगमन, मूल्याङ्कसनका कार्य गरिने छ ।

**अन्त्यमा,**

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाकातिर लैजान कार्य योजनार सोचका साथ आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम ऐसेलुखर्क गाउँपालिकाको भविष्यको मार्गदर्शक दस्तावेज हो । पालिकालाई समृद्ध बनाउन सबै पालिकाबासीहरुको आ-आफ्नो ठाउँबाट उत्तिकै महत्वपूर्ण भुमिका छ । यो नीति तथा कार्यक्रम सरकारी, गैर सरकारी, निजी, सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधारको लागि मार्गचित्र हो । पालिकाको विकास सबै नागरिकको सर्वाङ्गिग क्षेत्रको विकास हो । यसैले पालिकाबासीको विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्या उनु हुन र रचनात्मक सुझाव, सल्लाह दिनुहुन आम पालिकाबासीहरुलाई हार्दिक आग्रह गर्दै बिदा हुन चाहन्छु। धन्यवाद ।